नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# निजामती कर्मचारी अस्पताल

पदपूर्ति समिति

## खुला/समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

सूचना नम्बरः ०२/२०८०-८१

(सूचना प्रकाशन मिति २०८१।०२।१८)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस अस्पतालमा रिक्त रहेका तपसिल बमोजिमका पदहरूमा निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) को विनियम १५क. बमोजिम खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले देहायको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट तोकिएको म्यादभित्र रीतपूर्वक दरखास्त आव्हान गरिन्छ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले अस्पतालको वेबसाइट https://career.csh.gov.np मार्फत् अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th>क्र.सं.</th><th>विज्ञापन नम्बर</th><th>पद</th><th>तह</th><th>सेवा, समूह, उपसमूह</th><th>खुला/समावेशी</th><th>माग पद संख्या</th></tr>
<tr><td>१</td><td>८/२०८०-८१</td><td>सिनियर रजिष्ट्रार (स्पेस्लिष्ट)</td><td>९</td><td>प्राविधिक, सर्जरी, युरोलोजी</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>२</td><td>९/२०८०-८१</td><td>सिनियर रजिष्ट्रार (स्पेस्लिष्ट)</td><td>९</td><td>प्राविधिक, पेडियाट्रीक्स, नियोनेटोलोजी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>३</td><td>१०/२०८०-८१</td><td>सिनियर रजिष्ट्रार (स्पेस्लिष्ट)</td><td>९</td><td>प्राविधिक, मेडिसिन, न्युरोलोजी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>४</td><td>११/२०८०-८१</td><td rowspan="3">रजिष्ट्रार</td><td rowspan="3">८</td><td rowspan="3">प्राविधिक, मेडिसिन, इन्टरनल मेडिसिन</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>५</td><td>१२/२०८०-८१</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>६</td><td>१३/२०८०-८१</td><td>आ.ज.</td><td>१ (एक)</td></tr>
<tr><td>७</td><td>१४/२०८०-८१</td><td>रजिष्ट्रार</td><td>८</td><td>प्राविधिक, रेडियोलोजी, रडियोडाईग्नोसिस एण्ड इमेजिङ्ग</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>८</td><td>१५/२०८०-८१</td><td rowspan="2">रजिष्ट्रार</td><td rowspan="2">८</td><td rowspan="2">प्राविधिक, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन</td><td>खुला</td><td>२ (दुई)</td></tr>
<tr><td>९</td><td>१६/२०८०-८१</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>१०</td><td>१७/२०८०-८१</td><td rowspan="2">रजिष्ट्रार</td><td rowspan="2">८</td><td rowspan="2">प्राविधिक, एनेस्थसियोलोजी, एनेस्थसियोलोजी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>११</td><td>१८/२०८०-८१</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>१२</td><td>१९/२०८०-८१</td><td>रजिष्ट्रार</td><td>८</td><td>प्राविधिक, मेडिसिन, रेडिएसन अंकोलोजी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>१३</td><td>२०/२०८०-८१</td><td>वरिष्ठ डेन्टल सर्जन</td><td>८</td><td>प्राविधिक, डेन्टिष्ट्री, डेन्टल सर्जरी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>१४</td><td>२१/२०८०-८१</td><td>फिजियोथेरापिष्ट</td><td>६</td><td>प्राविधिक, फिजियोथेरापी, फिजियोथेरापी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>१५</td><td>२२/२०८०-८१</td><td>रेडियोग्राफी टेक्नोलोजिष्ट</td><td>६</td><td>प्राविधिक, रेडियोलोजी, रेडियोग्राफी</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>१६</td><td>२३/२०८०-८१</td><td rowspan="4">रेडियोथेरापी टेक्निसियन</td><td rowspan="4">५</td><td rowspan="4">प्राविधिक, मेडिसिन, रेडिएसन अंकोलोजी</td><td>खुला</td><td>१ (एक)</td></tr>
<tr><td>१७</td><td>२४/२०८०-८१</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>१८</td><td>२५/२०८०-८१</td><td>आ.ज.</td><td>१ (एक)</td></tr>
<tr><td>१९</td><td>२६/२०८०-८१</td><td>मधेसी</td><td>१ (एक)</td></tr>
<tr><td>२०</td><td>२७/२०८०-८१</td><td rowspan="5">फार्मेसी सहायक</td><td rowspan="5">५</td><td rowspan="5">प्राविधिक, फार्मेसी, फार्मेसी</td><td>खुला</td><td>४ (चार)</td></tr>
<tr><td>२१</td><td>२८/२०८०-८१</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>२२</td><td>२९/२०८०-८१</td><td>आ.ज.</td><td>१ (एक)</td></tr>
<tr><td>२३</td><td>३०/२०८०-८१</td><td>मधेसी</td><td>१ (एक)</td></tr>
<tr><td>२४</td><td>३१/२०८०-८१</td><td>दलित</td><td>१ (एक)</td></tr>
</table>

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | सेवा, समूह, उपसमूह | खुला/समावेशी | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| २५ | ३२/२०८०-८१ | रेडियोग्राफर | ५ | प्राविधिक, रेडियोलोजी, रेडियोग्राफी | खुला | ४ (चार) |
| २६ | ३३/२०८०-८१ | | | | आ.ज. | १ (एक) |
| २७ | ३४/२०८०-८१ | | | | मधेसी | १ (एक) |
| २८ | ३५/२०८०-८१ | | | | दलित | १ (एक) |
| २९ | ३६/२०८०-८१ | ल्याब टेक्निसियन | ५ | प्राविधिक, प्याथोलोजी, मेडिकल ल्याब टेक्नोलोजी | खुला | ३ (तिन) |
| ३० | ३७/२०८०-८१ | | | | आ.ज. | १ (एक) |
| ३१ | ३८/२०८०-८१ | | | | मधेसी | १ (एक) |
| ३२ | ३९/२०८०-८१ | | | | दलित | १ (एक) |
| ३३ | ४०/२०८०-८१ | स्टाफ नर्स | ५ | प्राविधिक, नर्सिङ्ग, नर्सिङ्ग | खुला | ३६ (छत्तिस) |
| ३४ | ४१/२०८०-८१ | | | | महिला | १० (दश) |
| ३५ | ४२/२०८०-८१ | | | | आ.ज. | ७ (सात) |
| ३६ | ४३/२०८०-८१ | | | | मधेसी | ६ (छ) |
| ३७ | ४४/२०८०-८१ | | | | दलित | ३(तीन) |
| ३८ | ४५/२०८०-८१ | | | | अपाङ्ग | २ (दुइ) |
| ३९ | ४६/२०८०-८१ | | | | पि.क्षे. | १ (एक) |
| ४० | ४७/२०८०-८१ | वायोमेडिकल टेक्निसियन | ५ | प्राविधिक, इन्जिनियरिङ्ग तथा मेन्टिनेन्स, वायोमेडिकल | खुला | १ (एक) |
| ४१ | ४८/२०८०-८१ | | | | महिला | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचना** : सम्मानीत सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ |

१. **परीक्षाको किसिम**: लिखित र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम भाषा र किसिम सम्बन्धित पाठ्यक्रममा तोकिए बमोजिम हुने छ)।

२. **परीक्षा केन्द्र**: लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। विस्तृत परीक्षा कार्यक्रम र परीक्षा केन्द्र लोक सेवा आयोगबाट तय भएपश्चात् प्रकाशन गरिनेछ।

३. **दरखास्त दस्तुर**:तह ९ को हकमा रू. २०००।- (दुई हजार), तह ६ र ८ को हकमा रू. १२००।- (एक हजार दुई सय) र तह ५ को हकमा रू. ७००।- (सात सय) हुनेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारका हकमा थप प्रति समूहका लागि तह ६ देखि ९ सम्मको हकमा रू. ४००।- (चार सय) र तह ५ को हकमा रू. २००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

४. **दरखास्त दिने अन्तिम मिति**: २०८१।०३।०६ गते र दोब्बर दस्तुर तिरी २०८१।०३। १३ गते सम्म।

**५. उम्मेदवारको उमेरको हद**: निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७० (संशोधन सहित) को विनियम २० मा भएको व्यवस्था बमोजिम

(क) आठौँ र नवौँ तहको लागि दरखास्त पेस गर्ने अन्तिम मितिसम्म एक्काइस वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

(ख) छैठौँ र सातौँ तहको लागि दरखास्त पेस गर्ने अन्तिम मितिसम्म एक्काइस वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ

(ग) चौँथो र पाँचौ तहको पदको लागि दरखास्त पेस गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भएको र ३५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

(घ) महिला र अपाङ्ग उम्मेदवारको हकमा दरखास्त पेस गर्ने अन्तिम मितिसम्म ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

(ङ) चिकित्सकतर्फ र प्राविधिक स्वास्थ्य सेवा तर्फ ४५ बर्ष उमेर ननाघेको हुनु पर्नेछ।

(च) निजामती कर्मचारी अस्पतालमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

६. **दरखास्त दस्तुर बुझाउने विधि**: दरखास्त दस्तुर अस्पतालको अनलाइन दरखास्त प्राणालीमार्फत विद्युतीय माध्यम (eSewa, Fonepay, connect IPS, Nepal Pay) बाट बुझाउनु पर्नेछ।

७. **अपलोड गर्नु पर्ने कागजातहरू**: उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, तालिम, अनुभव, व्यवसाय अनुमति / पेशागत आवद्धता प्रमाणपत्र, शैक्षिक योग्यता (समकक्षता वा सम्बद्धता आवश्यक भए सो समेत), समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजात अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेखित विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ।

८. **लिखित परीक्षा मिति**: लोक सेवा आयोगबाट विस्तृत परीक्षा कार्यक्रम तय भए पश्चात् प्रकाशन गरिनेछ।

९. **अन्तर्वार्ताको कार्यक्रम र मिति**: लिखित परीक्षाको नतिजा प्रकाशन भए पश्चात सूचना गरिनेछ।

१०. **तलब र सुविधा**: निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) बमोजिम हुनेछ।

**११. आवश्यक न्यूनतम योग्यता**:

१) प्राविधिक, सर्जरी, युरोलोजी, सिनियर रजिष्ट्रार (स्पेस्लिष्ट) पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट युरोलोजीमा एम.सि.एच. वा पि.एच.डी. उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट युरोलोजीमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरी रजिष्ट्रार वा सो सरहको पदमा कम्तीमा ३ बर्ष काम गरेको।

२) प्राविधिक, पेडियाट्रीक्स, नियोनेटोलोजी, सिनियर रजिष्ट्रार (स्पेस्लिष्ट) पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक मेडिसिनमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरी नियोनेटोलोजीमाकम्तीमा १ वर्षको क्लिनिकल फेलोसिपवा सो सरहको उपाधिप्राप्त गरी रजिष्ट्रार वा सो सरहको पदमा कम्तीमा ४ वर्ष सेवा गरेको।

३) प्राविधिक, मेडिसिन, न्युरोलोजी, सिनियर रजिष्ट्रार (स्पेस्लिष्ट) पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टर्नल मेडिसिनमा स्नातकोत्तर गरी न्यूरोलोजीमा कम्तीमा १ वर्षको क्लिनिकल फेलोशिप वा सो सरहको उपाधी प्राप्त गरी रजिष्ट्रार वा सो सरहको पदमा कम्तीमा ४ वर्ष सेवा गरेको वा न्यूरोलोजीमा डि०एम० वा सो सरहको उपाधी प्राप्त गरेको।

४) प्राविधिक, मेडिसिन, इन्टरनल मेडिसिन, रजिष्ट्रार पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टर्नल मेडिसिनमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरेको।

५) प्राविधिक, रेडियोलोजी, रडियोडाईग्नोसिस एण्ड इमेजिङ्ग, रजिष्ट्रार पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरी रेडियोलोजीमा रजिष्ट्रार वा सो सरहको पदमा कम्तीमा ५ वर्ष सेवा गरेको ।

६) प्राविधिक, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन, रजिष्ट्रार पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक मेडिसिनमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरेको ।

७) प्राविधिक, एनेस्थसियोलोजी, एनेस्थसियोलोजी, रजिष्ट्रार पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरेको ।

८) प्राविधिक, मेडिसिन, रेडिएसन अंकोलोजी, रजिष्ट्रार पदका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडिएशन अन्कोलोजीमा स्नातकोत्तर वा सो सरहको उपाधिप्राप्त गरेको ।

९) प्राविधिक, डेन्टिष्ट्री, डेन्टल सर्जरी, वरिष्ठ डेन्टल सर्जन पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम०डि०एस० वा सो सरहको उपाधी प्राप्त गरेको वा बि०डि०एस० वा सो सरहको उपाधी प्राप्त गरी डेन्टल सर्जनको पदमा कम्तीमा ५ वर्ष सेवा गरेको ।

१०) प्राविधिक, फिजियोथेरापी, फिजियोथेरापी, फिजियोथेरापिष्ट पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक उपाधी प्राप्त गरेको ।

११) प्राविधिक, रेडियोलोजी, रेडियोग्राफी, रेडियोग्राफी टेक्नोलोजिष्ट पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा स्नातक उत्तीर्ण गरेको ।

१२) प्राविधिक, मेडिसिन, रेडिएसन अंकोलोजी, रेडियोथेरापी टेक्निसियन पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोथेरापीमा प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।

१३) प्राविधिक, फार्मेसी, फार्मेसी, फार्मेसी सहायक पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

१४) प्राविधिक, रेडियोग्राफी, रेडियोग्राफी, रेडियोग्राफर पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

१५) प्राविधिक, प्याथोलोजी, मेडिकल ल्याब टेक्नोलोजी, ल्याब टेक्निसियन पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोतलोजीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

१६) प्राविधिक, नर्सिङ्ग, नर्सिङ्ग, स्टाफ नर्स पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्गमा प्रमाणपत्र तह उत्तीर्ण गरेको ।

१७) प्राविधिक, इन्जिनियरिङ्ग तथा मेन्टिनेन्स, बायोमेडिकल, बायोमेडिकल टेक्निसियन पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान संकायमा प्रमाणपत्र तह वा इलेक्ट्रोनिक ओभरसियर कोर्ष उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट बायोमेडिकल टेक्निसियन कोर्ष उत्तीर्ण गरेको ।

**१२. उम्मेदवारले पेस गर्नु पर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन**: दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी पेस गर्नुपर्ने छ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भए पछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैले प्रमाणित गरेको प्रतिलिपि समेत साथमा लिई आउनु पर्ने छ । उल्लिखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समयमा दरखास्त रद्द हुन सक्ने छ।

**(क) समावेशीसमूहतर्फदरखास्त दिने उम्मेदवारहरूको लागि आवश्यक पर्ने थप कागजातहरू:**

(अ) आदिवासी/जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर उक्त ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात,

(आ) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमाजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेका कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात,

(इ) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएका जातिका हकमा सोही सूचीको अधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएका जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएका जाति भित्रका थर भनी प्रमाणित गराएको कागजात,

(ई) अपाङ्गका हकमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र ।

(उ) पिछडिएको क्षेत्रको (पि.क्षे.) का हकमा निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७० (संशोधन सहित) को विनियम १५क. को उप विनियम ५ को स्पष्टिकरण खण्ड १ मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ (तिन) महिना अगाडि सम्मको सिफारिसको आधारमा । स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको वा पिछडिएको क्षेत्रभित्र पर्ने जिल्लामा विवाह गरी वा बसाईसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईसराईको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईसराई गरेको खुल्ने कागजात ।

**१३. विविध**:

(क) दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम शैक्षिक योग्यता, सेवा अवधि, उमेर, अनुभव पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई यस प्रयोजनको लागि गणना गरिने छैन,

(ख) निजामती कर्मचारी अस्पतालमा वहालवाला स्थायी कर्मचारीले समान तहको पदमा उम्मेदवार बन्न पाउने छैन,

(ग) निजामती कर्मचारी अस्पतालद्वारा तोकिएको म्याद भित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन,

(घ) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई सो कागजात स्क्यान गरी निर्धारित स्थानमा अपलोड गर्नु पर्नेछ ,

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मेदवार हुने किसिम/ समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ,

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ,

(छ) अद्यावधिक पाठ्यक्रम निजामती कर्मचारी अस्पतालको वेबसाइट https://csh.gov.np बाट प्राप्त गर्न सकिनेछ,

(ज) लिखित परीक्षामा आउँदा उम्मेदवारले आफ्नो प्रवेश पत्र अस्पतालको अनलाइन दरखास्त प्रणालीबाट आफैले डाउनलोड गरी लिइ आउनु पर्नेछ,

(झ) विज्ञापन सम्बन्धमा थप केही कुरा बुझ्न परेमा मोबाईल नम्बर ९८५७०६४७२० मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

***नोट: यो सूचनामा उल्लेख भएको बिषयमा सूचना बमोजिम र उल्लेख नभएको बिषयमा निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) र प्रचलित कानुन बमोजिम हुनेछ ।***

सदस्य सचिव
पदपूर्ति समिति

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# निजामती कर्मचारी अस्पताल

पदपूर्ति समिति

## सिमित प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना

सूचना नम्बरः ०१/२०८०-८१

(सूचना प्रकाशन मिति २०८१।०२।१८)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस अस्पतालमा रिक्त रहेका तपसिल बमोजिमका पदहरूमा निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) को विनियम ३०क. बमोजिम सिमित प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका उम्मेद्वारहरूबाट तोकिएको म्यादभित्र रीतपूर्वक दरखास्त आव्हान गरिन्छ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले अस्पतालको वेबसाइट https://career.csh.gov.np मार्फत अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | सेवा, समूह, उपसमूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८०-८१ | फार्मेसी सहायक | ५ | प्राविधिक, फार्मेसी, फार्मेसी | १ (एक) |
| २ | २/२०८०-८१ | रेडियोग्राफर | ५ | प्राविधिक, रेडियोलोजी, रेडियोग्राफी | १ (एक) |
| ३ | ३/२०८०-८१ | ल्याव टेक्निसियन | ५ | प्राविधिक, प्याथोलोजी, मेडिकल ल्याब टेक्नोलोजी | १ (एक) |
| ४ | ४/२०८०-८१ | स्टाफ नर्स | ५ | प्राविधिक, नर्सिङ्ग, नर्सिङ्ग | १० (दश) |
| ५ | ५/२०८०-८१ | वायोमेडिकल टेक्निसियन | ५ | प्राविधिक, इन्जिनियरिङ् तथा मेन्टेनेन्स, वायोमेडिकल | १ (एक) |
| ६ | ६/२०८०-८१ | प्रशासन सहायक | ५ | प्रशासन, प्रशासन, सामान्य प्रशासन | १ (एक) |
| ७ | ७/२०८०-८१ | प्रशासन उपसहायक | ४ | प्रशासन, प्रशासन, सामान्य प्रशासन | ५ (पाँच) |

**१. परीक्षाको किसिम: लिखित र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम भाषा र किसिम सम्बन्धित पाठ्यक्रममा तोकिए बमोजिम हुने छ)।**

२. **परीक्षा केन्द्र**: लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। विस्तृत परीक्षा कार्यक्रम र परीक्षा केन्द्र लोक सेवा आयोगबाट तय भएपश्चात् प्रकाशन गरिनेछ।

३. **दरखास्त दस्तुर**: तह ५ को हकमा रू. ७००।- (सात सय) र तह ४ को हकमा रु. ५००।- (पाँच सय) हुनेछ।

४. **दरखास्त दिने अन्तिम मिति**: २०८१।०३।०६ गते र दोब्बर दस्तुर तिरी २०८१।०३। १३ गते सम्म।

५. **दरखास्त दस्तुर बुझाउने विधि**: दरखास्त दस्तुर अस्पतालको अनलाइन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यम (eSewa, Fonepay वा connect IPS, Nepal Pay) बाट बुझाउनु पर्नेछ।

६. **अपलोड गर्नु पर्ने कागजातहरू**: उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, शैक्षिक योग्यता (समकक्षता वा सम्बद्धता आवश्यक भए सो समेत), **निजामती** कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) (दोस्रो संशोधन) विनियमावली, २०७७ प्रारम्भ हुनु अघि खुला प्रतिस्पर्धाका आधारमा सेवाको पदमा करारमा नियुक्ती भई विनियम ३० क. (१) बमोजिम दरखास्त दिने अन्तिम मिति सम्ममा चार बर्ष सेवा अवधि पुरा गरेको प्रमाण लगायत विज्ञापनमा तोकिएका कागजात अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेखित विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ।

७. **लिखित परीक्षा मिति**: लोक सेवा आयोगबाट विस्तृत परीक्षा कार्यक्रम तय भएपश्चात् प्रकाशन गरिनेछ।

८. **अन्तर्वार्ता कार्यक्रम र मिति**: लिखित परीक्षाको नतिजा प्रकाशन भए पश्चात सूचना गरिनेछ।

९. **तलब र सुविधा**: निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) बमोजिम हुनेछ।

**१०. आवश्यक न्यूनतम योग्यता**: निजामती कर्मचारी अस्पतालबाट मिति २०७९/११/३० गते प्रकाशित सिमित प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन सम्बन्धी सूचना नं.१/२०७९-८० को आवेदन समयावधी भित्र चार वर्ष सेवा अवधी पूरा नभएका कारण दरखास्त दिन योग्य नभएका निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) (दोस्रो संशोधन) विनियमावली, २०७७ प्रारम्भ हुनु अघि खुला प्रतिस्पर्धाका आधारमा सेवाको पदमा करारमा नियुक्ती भई निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) को विनियम ३० क. (१) बमोजिम दरखास्त दिने अन्तिम मिति सम्ममा चार बर्ष सेवा अवधि पुरा गरेका यस अस्पतालमा कार्यरत कर्मचारी।

**११. उम्मेदवारले पेस गर्नु पर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन**: दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी पेस गर्नुपर्ने छ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भए पछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैले प्रमाणित गरेको प्रतिलिपि समेत साथमा लिई आउनु पर्ने छ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समयमा दरखास्त रद्द हुन सक्ने छ।

**१२. विविध**:

(ञ) दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा तोकिएको सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ट) निजामती कर्मचारी अस्पतालद्वारा तोकिएको म्याद भित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ठ) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता (equivalence) निर्धारण गराई सो कागजात स्क्यान गरी निर्धारित स्थानमा अपलोड गर्नु पर्नेछ।

(ड) उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मेदवार हुने किसिम/ समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ।

(ढ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ,

(ण) सिमित प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रम निजामती कर्मचारी अस्पतालको वेबसाइट https://csh.gov.np बाट प्राप्त गर्न सकिनेछ।

(त) लिखित परीक्षामा आउँदा उम्मेदवारले आफ्नो प्रवेश पत्र अस्पतालको अनलाइन दरखास्त प्रणालीबाट आफैले डाउनलोड गरी लिइ आउनु पर्नेछ।

***नोट: यो सूचनामा उल्लेख भएको बिषयमा सूचना बमोजिम र उल्लेख नभएको बिषयमा निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७०(संशोधन सहित) र प्रचलित कानुन बमोजिम हुनेछ।***

सदस्य सचिव

पदपूर्ति समिति